आज मिति २०८१/०७/११ गते आइतबारका दिन इलाम नगरपालिकाको प्रमुख श्री केदार थापाज्युको अध्यक्षतामा निम्न पदाधिकारीज्यूहरुको उपस्थितिमा नगर कार्यपालिकाको चौथो बैठक बसी देहाय अनुसारको निर्णय गरियो।

उपस्थिति :-

प्रमुख श्री केदार थापा

उपप्रमुख श्री बिष्णु कुमारी लिम्बु ढाहाल

वडाध्यक्ष श्री गायत्रीराम बस्नेत

,, श्री गिरिराज रिजाल

,, श्री हेम बहादुर कुनुवार

,, श्री नुतनदेव ढुंगाना

,, श्री काजी बहादुर श्रेष्ठ

,, श्री दुर्गा श्रेष्ठ

,, श्री नरेश श्रेष्ठ

,, श्री दलमान तामाङ

,, श्री गोपाल चौहान

,, श्री ओमनाथ प्रधान

,, श्री टासी अबेगु

,, श्री लारमान लिम्बु

का.पा.स. श्री उषना राई

,, श्री सरिमाया कामिनी

,, श्री धनमाया लिम्बु

,, श्री कुमारी फेयागुन

,, श्री बिबि लिम्बु

,, श्री बिरेन्द्र बहादुर राई

,, श्री देवेन्द्र मुखिया

,, श्री दिपक तिरुवा

सचिव प्र.प्र.अ. श्री गणेश कुमार रस्कटा

बैठक व्यवस्थापन कर्मचारी:-

लेखा अधिकृत श्री नारायण ढकाल

प्रशासकीय अधिकृत श्री बबुल मल्ल राज

अधिकृत छैठौं श्री कमल कुमार मैनाली

## इलाम नगरपालिका चौथो कार्यपालिका बैठकको निर्णय मिति २०८१/०७/११

**निर्णय नं. १**

नगर कार्यपालिकाको अघिल्लो बैठकका निर्णयहरु कार्यान्वयन प्रगति सम्बन्धमा छलफल तथा समीक्षा गरियो । अघिल्लो बैठकका निर्णयहरु नतिजामुखी कार्यान्वयनका लागि निम्नानुसार गर्ने गराउने व्यवस्था मिलाउने।

१. इलाम नगरपालिका र सन्दकपुर गाउँपालिका बिचको सम्झौताहरु कार्यान्वयनका लागि मिति २०८१।८।०७ गते बैठक बसी मिति २०८१।३।३० मा बसेको बैठकको निर्णयहरुमा समीक्षा लगायतका अन्य निर्णयहरु कार्यान्वयन गर्ने ।
२. विभिन्न मितिहरुमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त सुझावहरु कार्यान्वयन गर्ने गरिएको ।
३. Australian volunteer Bianca Benjamin द्वारा प्रस्तुत गरिएको Road and Transportation Strategy का सम्बन्धमा आवश्यक पृष्ठपोषण तयार गरी पठाउने ।

**निर्णय नं २**

अख्तियार दुरुपयोगअनुसन्धान आयोग, महाशाखा नं. ९ को प.सं.९/अनु/रमा/०८१/८२ मिति २०८१।४।२५ च.नं.१२६५२ को पत्रबाट सार्वजनिक कोषको कानून तथा मापदण्ड बमोजिम खर्च तथा उपयोगको लागि आवश्यक मापदण्ड तयार गरी खर्च तथा उपयोग गर्न गराउने सम्बन्धमा प्राप्त सुझाव मापदण्ड बनाइ कार्यान्वयन गर्ने साथै अख्तियार अनुसन्धान आयोग, महाशाखा नं.४ को प.सं.४/स्था/१८६०/०८१/८२ मिति २०८१।६।१३ च.नं.१६४९७ को पत्रानुसार सार्वजनिक खरिद ऐन, २०६३ अनुसार बोलपत्रको सूचना राष्ट्रिय स्तरका वर्गीकृत पत्रपत्रिका मार्फत प्रकाशन गर्नुपर्ने प्रावधान हुँदाहुँदै उक्त ऐनको दफा-१४ को उल्लंघन गरी गैर-वर्गीकृत वा केवल प्रादेशिक स्तरका पत्रिकामा मात्र प्रकाशन गर्दै आएको भन्ने सन्दर्भमा सार्वजनिक खरिद ऐन, नियमावली अनुसार गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. ३**

सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश विराटनगरको मिति २०८१/०६/२९ गतेको सूचना अनुसार निम्नानुसारका योजनाहरुमा मन्त्रालयबाट तोकिएको साझेदारी रकम व्यहोर्ने प्रतिबद्धताका साथ योजना तथा कार्यक्रम प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

क) कार्यक्रमको नाम: स्थानीय तहको साझेदारीमा बालमैत्री विद्यालय संचालन कार्यक्रम

| क्र.सं | कार्यक्रम माग गर्ने विद्यालयको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | जनता आधारभूत विद्यालय | इलाम १,साखेजुङ |  |
| २ | रुक्मिणी आधारभूत विद्यालय | इलाम ४,बरबोटे |  |
| ३ | सुम्बेक माध्यमिक विद्यालय | इलाम २,सुम्बेक |  |
| ४ | दुर्गा आधारभूत विद्यालय | इलाम ५,बरबोटे |  |
| ५ | महमाई आधारभूत विद्यालय | इलाम ९,भन्ज्याङ |  |
| ६ | जनकल्याण आधारभूत विद्यालय | इलाम ६,इलाम | विगतमा बालमैत्री कार्यक्रम परेको |

CamScanner

# इलाम नगरपालिका चौथो कार्यपालिका बैठकको निर्णय मिति २०८१/०७/११

ख) कार्यक्रमको नामः विद्यालयमा स्वच्छ पिउने पानी प्रवन्ध कार्यक्रम

| क.सं | कार्यक्रम माग गर्ने विद्यालयको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | रत्न लक्ष्मी आधारभूत विद्यालय | इलाम १२,साङरुम्बा | |
| २ | वाल्मिकी सिंहदेवी आधारभूत विद्यालय | इलाम ३,पुवामझुवा | |
| ३ | अमर माध्यमिक विद्यालय | बरबोटे | |
| ४ | जनता आधारभूत विद्यालय | इलाम १,साखेजुङ | |
| ५ | पूर्णस्मारक माध्यमिक विद्यालय | इलाम १०,गोदक | |
| ६ | सिद्धेश्वरी आधारभूत विद्यालय | इलाम ४,बरबोटे | विगतमा बालमैत्री कार्यक्रम परेको |

ग) राजदुवाली घाट निर्माण योजना, इलाम नगरपालिका वडा नं.९

घ) व्यायामशाला निर्माण योजना, इलाम नगरपालिका वडा नं.५

**निर्णय नं.४**

इलाम सामुदायिक कृषि क्याम्पस इलामको विनियम २०७८ (केही संशोधन सहित परिमार्जित) अनुमोदन सहित स्वीकृत गर्ने साथै आगामी संसोधनमा संचालक समितिमा कृषि क्याम्पस रहेको वडाका वडाध्यक्षलाई पदेन सदस्यका रुपमा राख्ने व्यवस्था राख्न लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं.५**

इलाम नगरपालिका "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र छानविन समितिको मिति २०८१।०७।०३ र मिति २०८१।०७।०९ गतेको निर्णय सहितको सिफारिस बमोजिम "घ" वर्गको निर्माण व्यवसायीको लागि सिफारिस भएका देहायका निवेदकलाई निर्माण व्यवसाय इजाजत-पत्र उपलब्ध गराउने ।

देहाय :-

| सि.नं. | आवेदकको नाम र ठेगाना | प्रस्तावित फर्मको र ठेगाना | निर्माण व्यवसायीको इजाजत प्रदान हुन सिफारिस गरिएको फर्मको नाम , प्रोपाइटरको नाम र ठेगाना |
|---|---|---|---|
| १. | श्री सुजन देवान,<br>इ.न.पा.-०७, इलाम | संघर्ष निर्माण सेवा,<br>इ.न.पा.-०७, इलाम | संघर्ष निर्माण सेवा, इ.न.पा.-०७, इलाम,<br>प्रो. श्री सुजन देवान, इ.न.पा.-०७, इलाम |
| २. | श्री सुदिप बानिया, हेटौडा<br>उ.म.न.पा.-०१, मकवानपुर | श्री बानिया निर्माण, इ.न.पा.-०९, इलाम | श्री बानिया निर्माण, इ.न.पा.-०९, इलाम<br>प्रो. श्री सुदिप बानिया, हेटौडा<br>उ.म.न.पा.-०१, मकवानपुर |

CS CamScanner

## इलाम नगरपालिका चौथो कार्यपालिका बैठकको निर्णय मिति २०८१/०७/११

**निर्णय नं. ६**

इलाम नगरपालिका वडा नं.७ को च.नं.२७१ मिति २०८१।०६।३०, वडा नं.४ को क्रमशः च.नं.१४५ मिति २०८१।०६।११ र २०८१।०७।०९ च.नं.१८९ को पत्रानुसार चालु आ.व.०८१/०८२ मा संचालन हुने निम्न योजनाहरु स्थानान्तरण गर्ने निर्णय गरियो ।

| क.सं. | साविक योजनाको नाम | विनियोजित रकम | स्थानान्तरण हुनुपर्ने शिर्षक | स्थानान्तरण रकम | कैफि |
|---|---|---|---|---|---|
| २९४ | वडाका विभिन्न योजना मर्मत सम्भार तथा संस्थागत विकास कार्यक्रम | १४,००,०००।- | सडक बत्ति बिस्तार कार्यक्रम | ३,००,०००।- | |
| १२६ | स्वास्थ्य क्षेत्र व्यवस्थापन | ३,००,०००।- | विपद व्यवस्थापन खर्च | ५०,०००।- | |
| | | | व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह) मा वडाको भेटघाट कार्यक्रम | ५०,०००।- | |

**निर्णय नं.७**

इलाम नगरपालिका अन्तर्गत १ नं. वडामा अवस्थित आधारभूत स्वास्थ्य केन्द्र, साँखेजुङ्ग र १० नं. वडामा अवस्थित गोदक स्वास्थ्य चौकीमा कामकाज गर्ने गरि स्वास्थ्य सेवा तर्फको अ.हे.ब (सहायक चौथो) र अ.न.मी. (सहायक चौथो) पदहरु करार सेवामा पदपूर्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं.८**

चालु आ.व. को बजेट कार्यक्रम पुस्तकको सि.नं. ७२ अन्तगर्गत सहकारी संस्था वा कृषक समूहहरुको न्यूनतम ३०% लागत सहभागितामा प्रस्तावको आधारमा सामुदायिक शित भण्डार निर्माण योजना कार्यान्वयनका लागि निम्नानुसारका शर्तहरु निर्धारण गर्ने निर्णय गरियो ।

१. शित भण्डार निर्माण कार्यक्रम संचालनका लागि लाभग्राहीका रुपमा रहेका कृषि सहकारी वा कृषक समूहले प्रस्ताव पेश गर्न सक्नेछन।

२. लाभग्राहीको प्रस्तावमा एक भन्दा बढी वडाका क्षेत्रहरु समेट्ने प्रस्तावलाई प्राथमिकता दिईनेछ।

३. प्रस्तावको अन्तिम छनौट कार्यपालिकाको बैठकबाट गरिनेछ।

४. छनौट भइ संझौता हुनु अगाडी नै लाभग्राहीको तर्फबाट अनिवार्य रुपमा व्यहोर्नु पर्ने न्युनतम तीस प्रतिशत लागत सहभागिताको रकम रु २,१०,०००।- इलाम नगरपालिकाको बैंक खातामा जम्मा गर्नु पर्नेछ ।

५. शित भण्डार पुर्वाधार (कोल्डरुम/ कोल्ड च्याम्बर) निर्माण गर्दा लागि सहकारी संस्था/ कृषक समूहको आफ्नै नाममा दर्ता रहेको एउटै प्लटमा रहेको न्युनतम १ रोपनी जग्गामा मात्र बनाउनु पर्नेछ।

६. प्रस्तावित जग्गाका लागि विद्युत लाईन ३ फेज र न्युनतम ४ मिटर बाटोको पहुच पुगेको हुनुपर्नेछ।

७. सामग्री तथा औजार यन्त्र तथा उपकरण खरिद पुर्वाधार निर्माण गर्नुपरेमा निर्माण कार्य गर्दा इन्जिनियरिङ्ग प्राविधि इस्टिमेट साथै डिजाइन र स्पेशिफिकेसन अनुसार र सार्वजनिक खरिद ऐन २०६३ र नियामावली २०६४ अनुसार खरिद गर्नुपर्नेछ।



CamScanner

## इलाम नगरपालिका चौथो कार्यपालिका बैठकको निर्णय मिति २०८१/०७/११

८. लाभग्राहीको प्रस्ताव छनौट भई सकेपछि अनिवार्य रुपमा लागतको ३० प्रतिशत रकम जम्मा गरि सकेपछि मात्र कार्यक्रम सम्झौता गरि कार्यक्रम संचालन गर्नुपर्नेछ।

९. शित भण्डार पुर्वाधार (कोल्डरुम/ कोल्ड च्याम्बर) निर्माण यन्त्र उपकरण जडान प्रयोजनका लागि मात्र खर्च गर्नुपर्नेछ।

१०. उल्लेखित योजना आ व २०८१/०८२ असार चैत्र सम्म सम्पन्न गरि हिसाब फरफारक गर्नुपर्नेछ।

११. प्रस्तावको स्थलगत अनुगमन गरि सोको मुल्याङ्कन र प्राप्त उच्चतम अंक भारका आधारमा अन्तिम छनौट गरिनेछ।

**निर्णय नं. ९**

पूर्वाधार विकास समितिबाट प्राप्त प्रतिवेदन सहितको सिफारिस बमोजिम देहायका घरधनीका घरलाई देहाय अनुसार प्रमाण-पत्र उपलब्ध गराउने निर्णय गरियो ।

| सि.न. | निवेदक | स्थलगत विवरण | निर्णय हुन सिफारिस |
|---|---|---|---|
| १ | राम चन्द्र श्रेष्ठ र सन्तकला राई समेत इ.न.पा. ९ कि.नं. ३/क ४७९, १७९८ र ४८४ क्षेत्रफल १-११-०-० जग्गा ५ तल्ला भवन निर्माण सम्पन्न गरी मिति २०८०/०७/२२ मा निर्माण सम्पन्नको लागि पेश भएको | • मिति २०७६/०८/०३ मा ढुंगा ईँटाको गारो सिमेन्टको जोडाईमा आर.सि.सि. स्ल्याब भएको ४ (चार) तला भवनको प्लिन्थ क्षेत्रफल ६३३.८७ व.मि. भएको भवनको प्लिन्थ लेवल निर्माण इजाजत जारी भएको।मिति २०७८/०८/०१ मा संसोधित ५(पाँच) तल्ला भवनको जम्मा प्लिन्थ क्षेत्रफल ७८९.२४ व.मि. को सुपरस्ट्रक्चर इजाजत जारी भएको ।<br>• २०८०/०७/२२ मा ५ (पाँच) तल्ला भवनको जम्मा प्लिन्थ क्षेत्रफल ८५५.१२ व.मि. भएको संसोधित नक्सा निर्माण सम्पन्नको लागि पेश भएको ।<br>• भवन निर्माणको लागि प्रस्तावित जग्गाको नापी नक्सा र भोगचलनमा फरक परेको देखिएको ।<br>• नेपाल राष्ट्रिय भवन संहिता २०६० पालना भएको। | • भवन निर्माणको लागि प्रस्तावित जग्गाको नापी नक्सा र भोगचलनमा फरक देखिएको भएतापनि,<br>• स्थलगत सर्जमिन मुचुल्का गर्नुपर्ने ।<br>• नापी नक्सा र भोगचलनमा फरक परेको कारणले भविष्यमा उत्पन्न हुनेसक्ने क्षती आपसमा वेहोर्न मन्जुर हुने साथै उजुर परेमा साविक नापी नक्सा अनुसार कायम रहने गरी घरधनी र संधियारहरु बीच कबुलियतनामा गराउने ।<br>• पेश भए अनुसार ५ तला भवनको जम्मा प्लिन्थ क्षेत्रफल ८५५.१२ व.मि. मध्ये ढुंगा सिमेन्टको गारोमा आर.सि.सि. स्ल्याब भएको ६५.८८ व.मि को भवनको इलाम नगरपालिकाको १५ औं नगरसभाको निर्णयानुसार नियमित शुल्क रु १३५ प्रति व.मि. को दरले रु ८८९४/- र फिल्ड भेरिफिकेशन शुल्क रु २५००/- गरी जम्मा हुन आउने रु ११३९४/- शुल्क लिई विकास निर्माण (पाँचौ संसोधन) मापदण्ड २०८० को अनुसुची १४ अनुसारको भवन नियमित निर्माण सम्पन्न प्रमाण पत्र प्रदान गर्ने । |

# इलाम नगरपालिका चौथो कार्यपालिका बैठकको निर्णय मिति २०८१/०७/११

निर्णय नं. १०

इलाम नगरपालिकाबाट वितरण भैरहेको शहरी खानेपानीको महशुल समायोजन निम्नानुसार गर्ने ।

निम्न-

| सि.नं. | नाम, ठेगाना र धारा नं. | स्थलगत निरिक्षण गर्दाको अवस्था | निवेदकको माग | स्थलगत निरिक्षण पश्चात सिफारिस गरिएको | कैफियत |
|---|---|---|---|---|---|
| १ | झुमादेवी कापले इनपा-७, धारा नं. २६१० | मिटर भल्व तथा कनेक्शन चेकजाँच गर्दा भल्वमा लिकेज देखिएको, पाइपलाइनमा लिकेज नदेखिएको, भल्वमा लिकेज भएकोले वितरण पाइपलाइनमा रहेको हावाले घुमाएको पाइयो । | खानेपानी महशुल सम्बन्धमा तथा मिटर चेकजाँच | निवेदकको २०८० श्रावण देखि २०८१ जेठ महिनासम्मको मासिक खा.पा.उपभोग प्रकृतिको आधारमा २०८१ असार खपत अंक ४२ श्रावण ७७ र भदौको खपत अंक ५१ लाई अस्वभाविक मान्न सकिने देखिएकोले अन्य महिनाको खा.पा.खपत अंकको आधारमा २०८१ असार, श्रावण र भदौको खपत अंकलाई ३० मान्न सकिने देखिएकोले उक्त ३ महिनाको ३० युनिट अनुसार महशुल असुल गर्न सकिने र सो महिनाहरुको विलम्ब शुल्क नलिई अन्य मासिक खा.पा.महशुल वास्तविक रिडिङ्ग अनुसार महशुल असुल गर्नुपर्ने देखिएको । | नयाँ प्रणालीको खानेपानी वितरणको सुरुवातमा पाइपलाइनमा हावा आउने गरेको कारणले उक्त अंकहरु उठेको । कहिलेकाँही पाइपलाइन खाली भएको बेला पनि हावाले मिटर घुमाउन सक्ने । |
| २ | पार्वती वैद्य इनपा-७, धारा नं.११९४ | मिटर भल्व तथा कनेक्शन चेकजाँच गर्दा भल्वमा लिकेज देखिएको, पाइपलाइनमा लिकेज नदेखिएको, भल्वमा लिकेज भएकोले वितरण पाइपलाइनमा रहेको हावाले घुमाएको | खानेपानी महशुल सम्बन्धमा तथा मिटर चेकजाँच | निवेदकको २०८० श्रावण देखि २०८१ बैशाख महिनासम्मको मासिक खा.पा.उपभोग प्रकृतिको आधारमा २०८१ जेठ खपत अंक ७० असार ६१ र २०८१ श्रावणको खपत | नयाँ प्रणालीको खानेपानी वितरणको सुरुवातमा पाइपलाइनमा हावा आउने गरेको कारणले उक्त अंकहरु उठेको । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | पाइयो । | | अंक ४९ लाई अस्वभाविक मान्न सकिने देखिएकोले अन्य महिनाको खा.पा.खपत अंकको आधारमा २०८१ जेठ, असार र श्रावणको खपत अंकलाई ४० मान्न सकिने देखिएकोले उक्त ३ महिनाको ४० युनिट अनुसार महशुल असुल गर्न सकिने र सो महिनाहरुको विलम्ब शुल्क नलिई अन्य मासिक खा.पा.महशुल वास्तविक रिडिङ्ग अनुसार महशुल असुल गर्नुपर्ने देखिएको । | कहिलेकाँही पाइपलाइन खाली भएको बेला पनि हावाले मिटर घुमाउन सक्ने । |

निर्णय नं. ११

इलाम नगरपालिका, मजदुर कल्याणकारी कोष संचालन कार्यविधि, २०८१ पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

इलाम नगरपालिका, वातावरण क्लव गठन तथा संचालन कार्यविधि, २०८१ पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

इलाम नगरपालिका, कृषि समूह गठन कार्यविधि, २०८१ पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. १४

इलाम नगरपालिकाका उप-प्रमुखबाट पेश भएको मासिक अनुगमन प्रतिवेदन उपर छलफल गरियो साथै मिति २०८१/०७/०८ गते बसेको उपप्रमुख उद्यमशीलता प्रवर्द्धन कार्यक्रम संचालन तथा व्यवस्थापन बैठकबाट पारित देहाय अनुसारको निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

देहाय :-

(१) आ.व. ०८१।०८२ को रातो कितावको पेज नं. ८६ सि.नं. ७५/२२५१२ मा नव प्रवर्धनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रमअन्तर्गत उपप्रमुख सीप तथा उद्यमशीलता विकास तालिममा विनियोजित रु १५ लाख रकम मध्येबाट निम्नानुसारको कार्यक्रम सञ्चालन गर्नका लागि सम्वन्धित शाखाहरुबाट कार्यक्रम प्रस्ताव तयार गरी तत्सम्बन्धी प्रक्रिया अगाडि बढाउने ।

निम्न :-

१) ढाका बुनाई तालिम (३ महिने)- ३,८०,०००।००

२) पापड उद्योग स्थापनाका लागि मेसिनरी खरिदमा अनुदान- १,८६,७००।००

३) बाती बनाउने तालिम संचालन- १,०१,५००।००

CS CamScanner

इलाम नगरपालिका चौथो कार्यपालिका बैठकको निर्णय मिति २०८१/०७/११

४) केस काट्ने सैलुन तालिम- २,५०,०००।००
५) बेसार, कोदो, फापर पिसानी उद्योग- १,००,०००।००
६) अर्गानिक मौसमी तथा बेमौसमी तरकारी खेती तालिम- २,००,०००।००
७) सूर्यमुखी खेती प्रवर्धन कार्यक्रम- १,५०,०००।००

(२) इलाम नगरपालिकाअन्तर्गत सार्वजनिक निजी साझेदारी अवधारणा अभ्यास र रोजगार सिर्जनाका लागि उपयुक्त वातावरण बनाउन इलाम नगरपालिका, उद्यमशीलता विकास तथा प्रवद्र्धन कार्यविधि, २०८० बमोजिम नगरपालिकामा रोजगारीका अवसर सिर्जना गर्नका लागि फायल तयारीका लागि नगर प्रमुखज्यूबाट आर्थिक समितिमा निर्देशन भएकोले सोसँग सम्बन्धित कार्यक्रम प्रस्ताव र फायल तयारी गर्ने कार्यलाई उद्योग, वाणिज्य तथा पर्यटन प्रवर्धन शाखाबाट प्राथमिकताकासाथ अगाडि बढाउने ।

(३) युएसआइडीको सहयोगमा निम्नानुसार तालिम कार्यक्रम सञ्चालनका लागि परियोजना प्रस्ताव तयार गर्ने गराउने कार्य अगाडि बढाउने ।

निम्न :-

१) अर्गानिक चिया उत्पादकहरुलाई चिया उत्पादन, प्रशोधन, प्याकेजिङ्ग र बजारीकरण क्षमता अभिवृद्धि तालिम
२) छुर्पी उत्पादन, प्याकेजिङ्ग र बजारीकरण क्षमता अभिवृद्धि
३) होमस्टे सञ्चालन क्षमता अभिवृद्धि कार्यक्रम

**निर्णय नं. १५**

यहि मिति २०८१ असोज ८ देखि १२ सम्मको अविरल बर्षाको कारण भएको क्षतिको विवरण तयार गरि पुनर्निर्माण, राहत र क्षतिपुर्तिका लागि लागत अनुमान सहित सम्वन्धित निकायहरुमा पठाउने साथै नगरपालिकावाट पुन निर्माण गर्न सकिने कार्यका लागि प्राविधिक स्टिमेट तयार गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

इलाम नगरपालिका वडा नं. १० स्थित हाल कुनै पनि प्रयोग वा प्रयोजनका नरही खाली रहेको, विपद् व्यवस्थापन प्रयोजनका लागि खुला राख्ने भनी नतोकिएको इ.न.पा. १० साविक गोदक १।ग कि.नं. २ क्षेत्रफल १९१-७-१-० रहेको जग्गा मध्येबाट उत्तर तर्फ ५० रोपनी जग्गामा औद्योगिक ग्राम स्थापना तथा संचालन गर्न आवश्यक भएकोले र सो खाली जग्गा हाल र भविष्यमा समेत विपद् व्यवस्थापनका लागि आवश्यक नभएको हुँदा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ बमोजिम उल्लेखित जग्गा प्राप्तिका लागि श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सिफारिस गरि दिन जिल्ला विपद् व्यवस्थापन समितिलाई अनुरोध गर्ने ।

**निर्णय नं. १७**

इलाम नगरपालिका क्षेत्र भित्र अटो टेम्पोको नयाँ दर्ता तथा रुट परमिट सम्बन्धमा निम्नानुसार गर्ने ।

क) अटो टेम्पोको नयाँ दर्ता तथा रुट परमिट २०८१ माघ मसान्तसम्म खुला गर्ने ।
ख) अटो भाडा निर्धारण समितिले नयाँ स्थानहरुको भाडा समेत निर्धारण गर्ने ।
ग) अटो भाडाको स्वीकृत दरको होर्डिङ बोर्ड विभिन्न स्थानमा राख्ने ।
घ) सबै अटोमा अनिवार्य भाडा दर टाँस्ने व्यवस्था गर्ने ।



CamScanner

-९

इलाम नगरपालिका चौथो कार्यपालिका बैठकको निर्णय मिति २०८१/०७/११

**निर्णय नं. १८**

इलाम नगरपालिका क्षेत्र अन्तर्गत पुवाखोलामा (वडा नं १ र ४ बीच) रहेको पुरानो बेलि ब्रिजलाई फास्ट ट्र्याक सडक पुवाखोलामा (वडा नं ९ र ११ को बीच) स्थानान्तरण गर्नका लागि प्राविधिक अध्ययन गराई सम्बन्धित निकायमा माग गरि पठाउने निर्णय गरियो।

**निर्णय नं. १९**

इलाम नगरपालिका भित्रका कृषकहरुबाट उत्पादित सयपत्री फूल तिहारसम्मका लागि बिक्री वितरण गर्न इलाम नगरपालिका-७ स्थित चोक बजार क्षेत्रको एस.बी.आइ. बैंक अगाडी, सिटीमार्ट आसपास, लाकुरी चौतारा र टुँडिखेल गेट आसपासको स्थान तोक्ने निर्णय गरियो ।

**निर्णय नं २०**

नेपाली सेना रणशार्दुल गणको तालिम, अभ्यास तथा फाइरिङ्ग अभ्यास सञ्चालन सम्बन्धमा गणको मिति २०६१।७।२१ को पत्र, खहरेपुवाजुङ्ग सामुदायिक वन महिला उपभोक्ता समूह, इलाम ९ को च.नं. ३५ मिति २०८१।३।१४ र च.नं. २७ मिति २०८१।६।९ को पत्रानुसार तथा इलाम नगरपालिका, ९ नं. वडा कार्यालयको च.नं. २८३, मिति २०६१।६।१५ को पत्रबाट चारकिल्ला खुलाइएको सो खहरेपुवाजुङ्ग सामुदायिक वन क्षेत्र अन्तर्गत पूर्वमा माइखोला, पश्चिममा खहरेपुवाजुङ्ग वन क्षेत्र, उत्तरमा इलाम शनिश्चरे वाटो र दक्षिणमा खहरे खोल्सी यति ४ किल्ला भएको, लम्बाइ ६०० मिटर चौडाइ ८० मिटर भएको कि.नं. १४५ को ९६।४।३।२ रोपनी क्षेत्रफल भएको जग्गा नेपाली सेनाको सैनिक अभ्यास तथा फायरिङ्ग अभ्यास सञ्चालनका लागि सो खहरेपुवाजुङ्ग सामुदायिक वन महिला उपभोक्ता समूहबाट सहमति प्राप्त भई सकेको हुनाले सो सहमतिको आधारमा प्रचलित कानुनबमोजिम उक्त वन क्षेत्रमा नेपाली सेनाको सैनिक तालिम, अभ्यास तथा फायरिङ्ग (हाइट्रेजेक्टरी / फ्ल्याट ट्रेजेक्टरी) अभ्यासहरु सञ्चालन गर्ने प्रयोजनका लागि भोगाधिकारमा उपलब्ध गराउन सिफारिस गर्ने निर्णय गरियो।

CamScanner